गाउँ सभाको मिति २०७७ असार १० गते बुधबारको बैठकमा

उपाध्यक्ष श्री मञ्जु बुढाथोकीले प्रस्तुत गर्नु भएको

आर्थिक वर्ष २०७७७८ को

आय र व्ययको अनुमान

आ.व २०७७/७८ को आय र व्ययको अनुमान

# बजेट बक्तब्य

सूर्यगढी गाउँपालिका
नुवाकोट जिल्ला
बागमती प्रदेश
१० असार २०७७

सूर्यगढी गाउँपालिका गाउँसभाको सभाध्यक्षज्यू,
गाउँसभाका सदस्यहरु, सभाका सचिव लगायत कर्मचारी मित्रहरु,
पत्रकार मित्रहरु, उपस्थित सम्पूर्ण महानुभावहरु,

सूर्यगढी गाउँपालिकाको गाउँसभामा आ.व ०७७।०७८ को लागि बजेट तथा कार्यक्रम प्रस्तुत समारोहमा गाउँपालिकाको उपाध्यक्षको तर्फ वाट हार्दिक स्वागत गर्न चाहन्छु । यो अवसर प्राप्त भएकोमा म आफुलाई असाध्यै भाग्यमानी ठानेको छु । आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान सहितका यस विवरण सुशासित र समृद्ध सूर्यगढी निर्माणको मूल उद्देश्य बोकेर आजकै सभामा प्रस्तुत भएको आ.व.२०७७।७८को नीति तथा कार्यक्रमद्वारा परिलक्षित रहेको व्यहोरा समेत जानकारी गराउन चाहन्छु ।

सभाका सभाध्यक्ष महोदय,
अब म आ.व.०७६।७७ को राजस्व र खर्चका विषयमा यस गाउँपालिकाको अवस्थाको विवरण संक्षिप्त रुपमा अवगत गराउन चाहन्छु :-
आ.व.२०७६।७७ मा यस गाउँपालिकामा संघिय सरकारबाट वित्तीय समानीकरण तर्फ रकम रु. ७,५४,००,०००।- (सात करोड चौवन्न लाख), सशर्त अनुदान तर्फ रकम रु. १०,४१,०७,०००।- (दश करोड एकचालिस लाख सात हजार), राजश्व बाँडफाँड बाट ५,३६,००,०००।- (पाँच करोड छत्तिस लाख) गरी नेपाल सरकारबाट जम्मा रकम रु. २३,३१,०७,०००।- (तेइस करोड एकतिस लाख सात हजार) प्राप्त हुन आएको थियो ।
प्रदेश सरकारबाट वित्तीय समानीकरण तर्फ रकम रु.९९,३८,०००।- (उनान्सय लाख अट्तिस हजार), सशर्त अनुदान तर्फ रकम रु. १,१७,०४,०००।- (एक करोड सत्र लाख चार हजार), राजश्व बाँडफाँडबाट रकम रु. ७४,४९,०००।- (चौहत्तर लाख उनन्चास हजार) गरी जम्मा रकम रु. २,९०,९१,०००।-(दुई करोड नब्बे लाख एकानब्बे हजार) प्राप्त हुन आएको थियो ।

आ.व २०७७/७८ को आय र व्ययको अनुमान

आन्तरिक आय तर्फ रकम रु.२,७७,००,०००।-(दुई करोड सतहत्तर लाख) राजस्व संकलन हुने अनुमान गरिएको थियो भने सामाजिक सुरक्षा तर्फ रु. ५,९२,९७,०००।- (पाँच करोड बयानब्बे लाख सन्तानब्बे हजार) तथा आ.व. २०७५।७६ को मौज्दात रकम रु.१,३१,३४,७४७।-(एक करोड एकतिस लाख चौतिस हजार सात सय सच्चालिस) गरी आ.व. २०७६।७७ को कुल बजेट रकम रु. ३६,२३,२९,७४७।-(छत्तीस करोड तेइस लाख उनन्तीस हजार सात सय सच्चालिस) को आय व्ययको विवरण तर्जुमा गरी यस सम्मानित सभाबाट पारित भई कार्यान्वयनमा गएको थियो ।

**सभाध्यक्षज्यू,**

अब म यस गाउँपालिकाको आर्थिक वर्ष २०७७।७८ को आय व्ययको विवरण प्रस्तुत गर्न गईरहेको छु ।

नेपालको संविधान २०७२ ले व्यवस्था गरे मोजिमको स्थानीय तहको एकल तथा साझा अधिकार सूची, आर्थिक अधिकार र आर्थिक कार्यप्रणाली, मौलिक हकहरु, आर्थिक सामाजिक विकास, साधन श्रोतको उपयोग नीति,सहभागितामूलक योजना छनौट पद्धति, विकासका समसामयिक मुद्धाहरु जस्तै कोरोना विरुद्धको गतिविधि,सामाजिक संरक्षण, दीगो विकास, जलवायु परिवर्तन, विपद व्यवस्थापन, लैगिंक सशक्तिकरण तथा समावेशी विकास समेतलाई आधार मानी यस सभामा प्रस्तुत भएको आ.व.२०७७।७८ को नीति तथा कार्यक्रमद्वारा निर्देशित आ.व. २०७७।७८को बजेट गाउँकार्यपालिकाबाट स्वीकृत गरी यो गरिमामय गाउँसभामा प्रस्तुत गरेको छु ।

आर्थिक वर्ष २०७७।७८ मा यस गाउँपालिकामा वित्तीय समानीकरण तर्फ संघिय सरकारबाट प्राप्त अनुदान रकम रु.७,८५,००,०००।-(सात करोड पचासी लाख) र संघीय शसर्त अनुदान तर्फ रकम रु.१३,०९,००,०००।-(तेह्र करोड नौ लाख) र संघिय सरकारको विशेष अनुदान रु.१,००,००,०००।-(एक करोड लाख),संघिय सरकारको समपुरक अनुदान रु.१,८४,००,०००।-(एक करोड चौरासी लाख),राजश्व बाँडफाँड रु.५,४३,६४,५१०।- (पाँच करोड त्रिचालीस लाख चौसठ्ठी हजार पाँच

आ.व २०७७/७८ को आय र व्ययको अनुमान

सय दश) गरी नेपाल सरकारबाट जम्मा रकम रु.२९,२१,६४,५१०।- (उनन्तीस करोड एक्काइस लाख चौसठ्ठी हजार पाँच सय दश) प्राप्त हुने अनुमान गरिएको छ ।

प्रदेश सरकारबाट वित्तीय समानीकरण तर्फ रकम रु.९९,३७,०००।-(उनान्सय लाख सैतीस हजार), सशर्त अनुदान तर्फ रकम रु .१,७०,९५,०००।- (एक करोड सत्तरी लाख पन्चानब्बे हजार), राजश्व बाँडफाँडबाट रकम रु. ८१,९४,०००।- ( एकासी लाख चौरानब्बे हजार) विशेष अनुदान तर्फ रु.५०,००,०००।-(पचास लाख),समपुरक अनुदान तर्फ रु.१,९८,९७,०००।-(एक करोड अन्ठानब्बे लाख सन्तानब्बे हजार) गरी जम्मा रु.६,०१,२३,०००।-(छ करोड एक लाख तेइस हजार) प्राप्त हुने अनुमान गरिएको छ ।

आन्तरिक आय तर्फ रकम रु. २५,००,०००।- (पच्चीस लाख) राजस्व संकलन हुने अनुमान गरिएको छ भने चालु आ.व.मा रकम रु. २,६४,३०,०००।- (दुई करोड चौसट्ठी लाख तीस हजार) मौज्दात रहन सक्ने देखिएकोले आ.व. २०७७।७८ को अनुमानित कुल बजेट रकम रु. ३८,१२,१७,५१०।- (अट्तिस करोड बाह्र लाख सत्र हजार पाँच सय दश) प्रस्ताव गरेको छु ।

कुल बजेट मध्ये गाउँ पालिकाको चालु खर्च रु. १९,६६,५३,५१०।- (उन्नाइस करोड छैसट्ठी लाख त्रिपन्न हजार पाँच सय दश) तथा पुँजिगत खर्च १८,४५,६४,०००।- ( अठार करोड पैतालिस लाख चौसट्ठी हजार) विनियोजन गरिएको छ ।

आगामि आ.व. ०७७।७८ मा विषयगत क्षेत्रहरुमा निम्नानुसार बजेट विनियोजन गरिएको छ ।

आर्थिक विकास (कृषि, उद्योग तथा वाणिज्य, पर्यटन, सहकारी, वित्तीय क्षेत्र आदि) तर्फ रकम रु. २,७५,०९,०००।- (दुई करोड पचहत्तर लाख नौ हजार) विनियोजन गरिएको छ ।

सामाजिक विकास (शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, संस्कृति प्रवर्द्धन, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, खेलकुद तथा मनोरञ्जन आदि)

आ.व. २०७७/७८ को आय र व्ययको अनुमान

तर्फ रकम रु.१६,००,९५,०००।-(सोह्र करोड पन्चानब्बे हजार) विनियोजन गरिएको छ ।

पूर्वाधार विकास (सडक तथा पुल,सिँचाई,भवन तथा सहरी विकास,उर्जा, लघु तथा साना जलविद्युत,वैकल्पिक उर्जा, सञ्चार आदि)तर्फ रकम रु.१०,८८,३४,०००।-( दश करोड अठासी लाख चौतिस हजार) विनियोजन गरिएको छ ।

वातावरण तथा विपद् व्यवस्थापन(बन तथा भू-संरक्षण, जलाधार संरक्षण, वातावरण संरक्षण, जलवायु परिवर्तन, फोहरमैला व्यवस्थापन, ल्यान्डिफिल साइड, जल उत्पन्न प्रकोप नियन्त्रण) तर्फ रकम रु. १,९०,००,०००।- (एक करोड नब्बे लाख) विनियोजन गरिएको छ ।

संस्थागत विकास तथा सेवा प्रवाह(सामान्य सेवा, सुरक्षा व्यवस्थापन, सूचना प्रविधि, पञ्जिकरण व्यवस्थापन, स्थानीय तथ्याङ्क संकलन र अभिलेख व्यवस्थापन, सुशासन प्रबर्द्धन, अनुसन्धान तथा विकास, अन्यत्र वर्गिकरण नभएका) तर्फ रकम रु.६,५७,७९,५१०।- (छ करोड सन्ताउन्न लाख उनासी हजार पाँच सय दश) विनियोजन गरिएको छ ।

सभाध्यक्षज्यू,

अब म यस गाउँपालिकाको आर्थिक वर्ष २०७७७८को बार्षिक नीति तथा कार्यक्रममा उल्लेख भएका मुख्य-मुख्य नीतिहरुलाई सम्बोधन गर्न व्यवस्था गरेको बजेट सम्बन्धमा प्रकाश पार्न चाहन्छु ।

१. विश्वब्यापी रुपमा फैलियको कोरोना भाइरसको क्षति कम गर्न र अन्य गतिविधि संचालनको लागि रकम रु २००,००,०००।- (दुइ करोड) विनियोजन गरेको छु ।

२. प्रत्येक वडामा कुनैपनि समयमा हुनसक्ने दुर्घटनालाई मध्य नजर गरी उपयुक्त स्थानमा बाह्रै महिना सञ्चालनमा आउन सक्ने हेलिप्याड निर्माण गर्न रकम रु.१०,००,०००।-(दश लाख) विनियोजन गरेको छु ।

आ.व २०७७/७८ को आय र व्ययको अनुमान

३. जनचेतनामूलक एवं जनउपयोगी सूचना तथा जानकारीहरुको प्रभावकारी सञ्चार मार्फत सार्वजनिक हित अभिबृद्धि गर्ने एवं स्थानीय सरकारको गतिविधि तथा सेवा प्रवाहसम्बन्धि जानकारीहरु सार्वजनिक गरी सुशासन एवं पारदर्शिता प्रर्वद्धन गर्न गाउँपालिकाद्धारा एउटा सामुदायिक रेडियो कार्यक्रम निर्माण गरी प्रचार प्रसारको लागि रकम रु. २,००,०००।- (दुई लाख) विनियोजन गरेको छु ।

४. अति बिपन्न, असहाय, गरिब, पिछडिएको वर्ग, बिहान बेलुका खान नपुग्ने घर परिवारको पहिचान गरी प्रत्येक वडा बाट ५०-५० जनाको संख्यामा छनौट गरी आबश्यक सिपमूलक कार्यक्रम सञ्चालन गरी आय आर्जनको वृद्धि गर्ने नीति अनुरुप विपन्न लक्षित सीपमूलक तालिम कार्यक्रमको लागि रु. १५,००,०००।-(पन्ध्र लाख) विनियोजन गरेको छु ।

५. महिला सँग उपाध्यक्ष कार्यक्रम मार्फत अधिकांस महिलाहरु लाभान्वित हुने महिलाको प्रजनन स्वास्थ्य कार्यक्रम सञ्चालन गर्न रकम रु. २०,००,०००।- (बिस लाख) विनियोजन गरेको छु ।

६. सूर्यगढी गाउँपालिकाका न्यून दरबन्दिका कारण पठनपाठनमा संघर्ष गरिरहेका साथै बालविकास,कार्यालय सहयोगी तथा कर्मचारीको प्रोत्साहनको लागि यस गाउँपालिका अन्तर्गतका विद्यालयहरुको शैक्षिक गुणस्तर सुधारका लागि निश्चित मापदण्डका आधारमा प्रशासनिक अनुदान दिने व्यवस्थाको लागि आवश्यक दरबन्दी परिपूर्ति भएको अवस्थामा रकमान्तर गर्ने गरी रकम रु. ६०,००,०००।- (साठी लाख) विनियोजन गरेको छु ।

७. सुर्यगढी गाउँपालिका भित्र हालसम्म पनि कम्प्युटर, प्रिन्टर तथा फोटोकपी मेसिन जस्ता विद्यालयको दैनिक प्रशासन सञ्चालन गर्न आधारभूत सामग्रीहरु अभाव रहेका विद्यालयहरुको पहिचान गरी न्यूनतम एक सेट कम्प्युटर प्रणाली जडान गर्न रकम रु. १५,००,०००।-(पन्ध्र लाख) विनियोजन गरेको छु ।

८. जनसाधारणले प्रचलित कानुनको साधारण ज्ञानको अभावमा विविध कठिनाईको सामना गर्न परेकोले ऐन, कानुनबारे जनचेतना फैलाउनको लागि न्यायिक समितिको अगुवाईमा सञ्चालन गरिने अभिमुखिकरण कार्यक्रमको लागि रकम रु. ८,००,०००।- (आठ लाख) बजेट विनियोजन गरेको छु ।

आ व २०७७/७८ को आय र व्ययको अनुमान

९. ज्येष्ठ नागरिकहरुलाई घर घरमा त्रैमासिक रुपले सामान्य स्वास्थ्य परिक्षणको व्यवस्था मिलाईने नीति अनुरुप उक्त कार्यमा खटिने जनशक्तिलाई खाजा तथा यातायात खर्चको व्यवस्था मिलाएको छु । गत आ.व. देखि सञ्चालनमा आएको ज्येष्ठ नागरिक न्यानो कपडा ब्यवस्थापनको लागि रकम रु. १७,५०,०००।- (सत्र लाख पचास हजार) विनियोजन गरेको छु ।

१०. यस आ.व.मा प्रत्येक विद्यालय तथा स्वास्थ्य चौकिहरुमा विद्युतिय हाजिरी प्रणालीको जडान गरिने नीति लाई कार्यान्वयन गर्न रकम रु. ५,००,०००।- (पाँच लाख) विनियोजन गरेको छु ।

११. गाउँपालिका क्षेत्र भित्र प्रवेश गर्ने मूल मार्गहरुमा सिमा प्रवेशद्वार निर्माण गरि भौगोलिक सिमाङ्नलाई थप व्यवस्थित गर्ने व्यवस्थाको लागि रकम रु. ५,००,०००।- (पाँच लाख) विनियोजन गरेको छु ।

१२. गाउँपालिकाको सार्वजनिक सम्पत्तिको संरक्षण, बजार अनुगमन, अब्यबस्थित यातायात सञ्चालन नियन्त्रण, फोहिरमैला व्यवस्थापन तथा राजस्व संकलन लगायतका गाउँपालिकाको अन्य कार्य सञ्चालन गर्न/गराउनको लागि यसै आर्थिक वर्ष देखि नगर प्रहरीको व्यवस्था गरिने नीतिलाई कार्यान्वयन गर्न रकम रु. २५,००,०००।- (पच्चीस लाख) विनियोजन गरेको छु ।

१३. गाउँपालिका भित्र पशुपालनलाई प्रोत्साहन गर्ने उद्देश्यले गाई/भैसीं पालन गर्ने कृषकलाई पशु सुत्केरी भत्ताको व्यवस्था गरिने नीतिलाई निरन्तरता गर्न रकम रु. २,००,०००।-(दुई लाख) विनियोजन गरेको छु ।

१४. बजार क्षेत्रको फोहरमैला ब्यवस्थापन एवं ल्याडफिल साईटको व्यवस्थापनको लागि रकम रु. ५,००,०००।- (पाँच लाख) विनियोजन गरेको छु ।

१५. विकास निर्माण एवं सेवा प्रवाहमा प्रभावकारिता बृद्धि गर्न गाउँपालिका भित्र भएको सबै खाले तथ्याङ्क संकलन, विश्लेषण एवं अद्यावधिक गरी प्रतिवेदन तयार

आ.व २०७७/७८ को आय र व्ययको अनुमान

गर्न सक्ने डिजिटल भिलेज प्रोफाईल प्रणाली सञ्चालनमा ल्याउनको लागि रकम रु.१५,००,०००।-(पन्ध्र लाख) विनियोजन गरेको छु ।

१६. खेलकुद पूर्वाधार प्रवर्द्धन गरी विद्यालयस्तर देखी नै खेलकुदको माध्यमबाट स्वस्थ, अनुशासित एव व्यवसायिक खेलाडी उत्पादन गर्ने उद्धेश्यले खेलकुद गतिविधिहरु सञ्चालन गर्न रकम रु.५,००,०००।-(पाँच लाख) विनियोजन गरेको छु

अन्त्यमा आजकै बैठकमा प्रस्तुत सूर्यगढी गाउँपालिकाको आ.व.०७७/७८को विनियोजन विधेयक र आर्थिक विधेयक अनुमोदनार्थ यस गरिमामय गाउँसभामा प्रस्तुत गर्दै यस बजेट तर्जुमामा सहयोग गर्नुहुने सम्पूर्ण पदाधिकारीहरु,वडा समितिहरु,राजस्व र बजेट सम्बन्धी कानुन बमोजिम गठित विभिन्न समितिहरु, प्रमुख प्रशासकिय अधिकृत लगायत सम्पूर्ण राष्ट्रसेवक कमचारी मित्रहरु, यस क्षेत्रकाका बुद्धिजिबी तथा राजनैतिक दलका मित्रहरु एव प्रत्यक्ष अप्रत्यक्ष रुपमा भूमिका खेल्नुभएका सूर्यगढी गाउँपालिकाका सम्पूर्ण जनसमुदायलाई हार्दिक धन्यबाद ज्ञापन गर्दै बजेटको सफल कार्यान्वयनमा सबैको खुला सहयोग अपेक्षा गरेको छु ।

धन्यबाद !

आ.व २०७७/७८ को आय र व्ययको अनुमान